# राष्ट्रिय मानव अधिकार आयोगको २४ औं वार्षिकोत्सवको उपलक्ष्यमा आयोगका माननीय सदस्य श्री मनोज दुवाडीले दिनु भएको मन्तव्य

२४ औं वार्षिकोत्सव कार्यक्रमका अध्यक्ष एवम् यस आयोगका माननीय अध्यक्षज्यू,
कार्यक्रमका प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) ज्यू,
माननीय मन्त्रीज्यू/हरू
प्रतिनिधि सभा तथा राष्ट्रिय सभाका माननीय सदस्यज्यूहरू,
सवैधानिक आयोगका माननीय अध्यक्षज्यूहरू तथा सदस्यज्यूहरू,
यस आयोगका पूर्व पदाधिकारीज्यूहरू,
नेपाल सरकारका उच्च पदस्थ अधिकारीहरू,
UN Resident Coordinator Ms. Hanna Singer-Hamdy
महामहिम राजदूतज्यूहरू, कुटनीतिक नियोगका प्रतिनिधिहरू,
गैर सरकारी सस्था महासंघका अध्यक्ष रामप्रसाद सुवेदीज्यू,
वरिष्ठ मानव अधिकारकर्मी, मानव अधिकार रक्षक एवम् नागरिक समाजका प्रतिनिधिहरू
यस कायर्यक्रमका सम्मानित व्यक्तित्वहरू,
यस आयोगका कर्मचारीहरू सहित कार्यक्रममा उपस्थित सम्पूर्ण महानुभावहरू एवम् सञ्चारकर्मी मित्रहरू,

नागरिक समाजको जोडदार माग, विधायिकी सक्रियता, न्यायिक आदेश र तत्कालीन सरकारको सकारात्मक पहल पछि वि.सं. २०५७ साल जेठ १३ गते स्थापना भएको यस आयोगले आज २४ औ वर्ष पूरा गरेको छ। मानिसको जीवन, स्वतन्त्रता, समानता र मर्यादाको लागि निरन्तर मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनको लागि यस आयोगले काम गरेको पनि त्यति नै अवधि पूरा भएको छ । यस्तो कार्य आयोगको एकल प्रयासबाट मात्र सम्भव थिएन र छैन । सो कार्य यस कार्यक्रममा उपस्थित सम्पूर्ण पक्षको समन्वय, सहकार्य र सहयोगबाट मात्र सम्भव हुँदै आएको छ। यस सन्दर्भमा यस कार्यक्रममा उपस्थित सम्पूर्ण महानुभावहरूप्रति आभार व्यक्त गर्दै आयोग स्थापना दिवसको यस अवसरमा प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्रीज्यू सहित सम्पूर्ण अतिथिज्यूहरू प्रति आयोग र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्दछु ।

स्थापना दिवस आयोगले विगत एक वर्षको अवधिमा गरेको कामको मुल्याङ्कन र पुनरावलोकन गर्ने दिन पनि हो । यस अवधिमा केही सकारात्मक प्रयासहरू भएका छन् । संस्थागत सूधारतर्फ नेपाल सरकारबाट राष्ट्रिय मानव अधिकार आयोग ऐन निर्माणको लागि सैद्धान्तिक सहमति प्राप्त भएको छ । ऐनलाई निष्कर्षमा पुऱ्याउन संघीय संसदका सदस्यहरू सकारात्मक रहनु भएको अवस्था छ । आयोगका सचिव सहितका रिक्त पदहरूमा पदपूर्ति गर्ने कार्य भएको छ । आयोगको क्षमता मुल्याँकन वाह्य विज्ञहरुबाट भएको छ । आयोगको कार्यादेशलाई थप सशक्त बनाउने सन्दर्भमा सर्वोच्च अदालतबाट निर्देशनात्मक आदेश जारी भएको छ । आफ्नो स्थापना देखि अन्तर्राष्ट्रिय जगतमा कायम राख्दै आएको स्तर नेपाल सरकार र नागरिक समाज समेतको संयुक्त प्रयासबाट पुनः 'ए' मा नै रहन सम्भव भएको छ । आफ्नो कार्यादेश पूरा गर्ने सन्दर्भमा मानव अधिकार उल्लंघनमा दोषी देखिएका व्यक्तिहरूको नामावली दोश्रो पटक सार्वजनिक भएको छ । आयोगका सिफारिस कार्यान्वयन सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा गठन भएको कार्यदलले काम गरिरहेको छ । विशेष गरी नेपाल प्रहरीले आयोगका सिफारिस कार्यान्वयन सम्बन्धमा यस आर्थिक वर्षमा निरन्तर जानकारी गराई रहेको छ । मानव अधिकार उल्लंघनका केही दोषीहरूलाई कारवाही भएको जानकारी प्राप्त भएको छ । नेपाली आप्रबासी कामदारहरूको अधिकार संरक्षणार्थ कतारको मानव अधिकार संस्थासँग सम्झौता सम्पन्न भएको छ । मानव अधिकारका नविनतम क्षेत्रमा कार्यारम्भ भएको छ । उच्च पद र ओहोदामा रहेका व्यक्तिहरू पनि कानूनी दायरामा आउने रहेछन् भन्ने सामान्य सन्देश प्रवाह भएको छ ।

तरपनि यस अवधिमा आयोगले आन्तरिक र वाह्य चुनौतिहरूको सामना गरिरहनु परेको छ । भौतिक संरचना र श्रोत साधनको अभावमा दैनिक सम्पादन गर्नुपर्ने कार्यहरू नै प्रभावित हुन थालेका छन् । नेपाल सरकार समक्ष पेश भएको आयोगको संगठनात्मक संरचना लामो समय देखि स्वीकृत हुन सकेको छैन । आयोगका कर्मचारीहरूले निजामति सहित अन्य सेवाका कर्मचारीहरू सरहको सेवा सुविधा समेत प्राप्त गर्न नसकेको अवस्था छ । आयोगले अनुसन्धान गरी नेपाल सरकारलाई गरेका सिफारिस तथा अदालतका आदेशहरुको कार्यान्वयन नहुँदा पीडितहरूमा निराशामात्र बढेको छैन दण्डहीनताको प्रवृत्तिमा कमी आउन सकेको छैन । आयोगको अन्तर्राष्ट्रिय स्तरलाई निरन्तर कायम राख्न अझै चुनौती कायम छ । आयोग स्थापना देखि दर्ता भएका उजूरीहरूको अनुसन्धान कार्यपनि श्रोत, साधन र प्रमाणको अभावमा चुनौतीपूर्ण बन्दै गएको छ । न्यायालयका आदेश र आयोगका सिफारिसलाई अनुकुलतामा मात्र कार्यान्वयन गर्ने प्रवृत्तिले कानूनी शासन माथि चुनौती थपिँदै गएको छ । मानव अधिकार

उल्लंघनको विषयलाई सरकारको जिम्मेवारीको रुपमा व्याख्या गर्ने प्रयास भएका छन् । संक्रमणकालीन न्यायको विषय सौदाबाजीको विषय बन्दै गएको अनुभूति हुन थालेको छ ।

नेपाल राज्यले कार्यान्वयन गर्न प्रतिबद्धता जनाएको राष्ट्रिय मानव अधिकार स्थापना सम्बन्धी संयुक्त राष्ट्रसंघीय सिद्धान्त (पेरिस सिद्धान्त) को कार्यान्वयन आयोगको प्रमुख चुनौतीको रुपमा देखिएको छ । नेपाल राज्यले अवलम्बन गरेको प्रणाली र सो सिद्धान्तले निर्देशित गरेका विषयहरूमा २४ वर्ष सम्म तालमेल नहुँदा नेपाल राज्यले अन्तर्राष्ट्रिय जगतमा हरेक वर्षजस्तो स्पष्टिकरण दिइरहनु परेको छ । आयोगले पनि नागरिकको अधिकार संरक्षणार्थ गर्नुपर्ने समय यस विषयमा खर्चनु पर्ने अवस्था कायम छ । अतः नेपालले अन्तर्राष्ट्रिय जगत सामु उपस्थित भएर जनाएको प्रतिबद्धता कार्यान्वयन गर्न जरूरी छ । जसको लागि राष्ट्रिय मानव अधिकार आयोगलाई पेरिस सिद्धान्त बमोजिम पूर्ण रुपमा स्वतन्त्र र स्वायत्त बनाउन विशेषतः नेपाल सरकार व्यवहारिक रुपमा नै उपस्थित हुन आवश्यक छ ।

**कार्यक्रमका प्रमुख अतिथिज्यू एवम् उपस्थित सम्पूर्ण महानुभावहरू,**
माथि उल्लिखित अवस्थामा सूधार गर्न हामी सबैको सकारात्मक र सक्रिय सहयोग आवश्यक छ । जसको लागि आयोग, नेपाल सरकार, संवैधानिक निकायहरू, मानव अधिकारकर्मी एवम् नागरिक समाज, सञ्चारकर्मी, संयुक्त राष्ट्रसंघीय संयन्त्र सहितका दातृ निकायहरू बीचको समन्वय, सहकार्य र सहयोग अति जरूरी छ । समन्वय, सहकार्य र सहयोगबाट नै मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन गर्दै मानव अधिकारको कार्यान्वयनको सुनिश्चित हुने हुँदा यस कार्यमा जुटन म सबैसँग आग्रह गर्दछु । अन्त्यमा आफ्नो अन्य सबै कामहरूलाई थाँति राखी आयोग स्थापना दिवसलाई उच्च महत्व दिई उपस्थित भइ दिनुहुने प्रमुख अतिथिज्यू सहित यस कार्यक्रममा उपस्थित सम्पूर्ण महानुभावहरूलाई पुनः एक पटक हार्दिक स्वागत गर्दै बिदा हुन्छु । धन्यवाद ।

२०८१ जेठ १३ ।